# पटेर्वा सुगौली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पटेर्वा सुगौली, पर्सा
## मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रिको लागि विद्युतीय (E-bid) बोलपत्र आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२१**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी पटेर्वा सुगौली गाउँपालिकाको तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही विद्युतीय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 01/NCB/RIV/2082-083 | भलुवाही खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् र विकि) | १६,७७,६२४.८२ घ.फि. | ८३,८८,१२४.१ | मु.अ.कर सहितको कबोल अंकको ५ (पाँच प्रतिशत) | ३,०००।- |

| | |
|---|---|
| बोलपत्र खरिदको लागि खाता नं. | बैंकको नाम : सानिमा बैंक<br>कार्यालयको नाम : पटेर्वा सुगौली गा.पा. आन्तरिक राजस्व खाता ग.१.१<br>खाता नं. : ०६४१००४००००००८<br>राजस्व शीर्षक नं.: १४२२९<br>कार्यालय कोड : ८०२२२५०८३०० |
| बोलपत्र जमानतको लागि खाता नं. | बैंकको नाम : सानिमा बैंक<br>कार्यालयको नाम : पटेर्वा सुगौली गा.पा. धरौटी खाता ग.३<br>खाता नं. : ०६४१००४००००००५ |

| सि.नं. | बोलपत्र नं. | बोलपत्र अवधि /जमानत अवधि जम्मा गर्ने अन्तिम दिन देखि | बेलपत्र खरिदको अन्तिम दिन | बेलपत्र खोल्ने दिन |
|---|---|---|---|---|
| १ | 01/NCB/RIV/2082-083 | ९०/१२० दिन | २०८२/०७/२०<br>समय : १२:०० बजे | २०८२/०७/२०<br>समय : ०१:०० बजे |

**शर्तहरूः**

१. बोलपत्रदाताले http://bolpatra.gov.np/egp मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ठ मु.अ.कर बाहेक प्रविष्ट गर्नुपर्नेछ। उक्त सिष्टमले मु.अ..कर स्वतः गणना गरि मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।

२. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ।

३. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

४. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।